# जिल्ला समन्वय समितिको कार्यालय

कास्की

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीसम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं. १ दोस्रो पटक प्रकाशित मिति: २०८१/१२/२०

यस जिल्ला समन्वय समितिको कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र बोलपत्र खरिद गरी ८ औं दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनुहुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

१. लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रू ३,४४,११८।- (अक्षरूपी तीन लाख चवालिस हजार एक सय अठार रूपैयाँ मात्र) रहेको छ।

२. इच्छुक बोलपत्रदाताहरूले जिल्ला समन्वय समितिको कार्यालय, कास्कीको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्रसम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन।

३. इच्छुक बोलपत्रदाताले २०८१/१२/२६ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू. १०००।- (अक्षरूपी एक हजार रूपैयाँ रकम राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक, पोखरास्थित यस जिल्ला समन्वय समितिको कार्यालयको राजश्व खाता नं १०००१००२०००१०००० कार्यालय कोड नं. ३६५००३९०१ राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागी निवेदन पेश गर्नुपर्नेछ।

४. बोलपत्र दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

५. कार्यालयमा दर्ता भएका बोलपत्रहरू ८ औं दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. लिलाम बिक्री हुने सम्पत्ती तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कूल रकमको १० प्रतिशत (दश प्रतिशत) रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा जम्मा गरी सो को सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।

८. बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आय करसहित एकमुष्ट कबोल रकम पेश गर्नुपर्नेछ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने र खोल्ने दिन मानिनेछ।